म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १२७ २०७९ चैत १७ गते शुक्रबार 31 March 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## प्रहरी भ्यान चालक निलम्वित

हेटौंडाः बुधबार साँझ हेटौंडाको बुद्धचोकमा मोटरसाइकललाई ठक्कर दिने प्रहरी भ्यान चालक निलम्बनमा परेका छन्। निलम्बनमा पर्ने प्रहरी जवान विवेक नेपाली रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो। नेपालीले मादक पदार्थ सेवन गरी भ्यान चलाएर दुर्घटना गराएकाले निलम्बन गरिएको हो। नेपालीलाई ६ महिनाको लागि निलम्बन गरिएको छ। नेपाली एक वर्षदेखि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा कार्यरत छन्। बुधबार साँझ तीव्र गतिमा भ्यान चलाई विपरित दिशामा पुगेर मोटरसाइकललाई ठक्कर दिएर दुर्घटना गराएका थिए। भ्यानको ठक्करबाट हेटौंडा-४, गर्दोईका ४९ बर्षीय सुरेश बज्राचार्य र हेटौंडा-५, पिप्लेका ४१ बर्षीय मधु अर्याल घाइते भएका थिए। बज्राचार्य र अर्यालको हेटौंडा अर्थोपेडिक अस्पतालमा उपचार भइरहेको छ।

# आजबाट देशभर एसईई परीक्षा



एसईईमा सहभागी हुने हेटौंडा-१८, फुर्केचौरस्थित गोरक्षनाथ माविका विद्यार्थी ।

जमुना थिङ

हेटौंडाः यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आज शुक्रबारबाट देशभर सुरु हुँदैछ। परीक्षा बिहान ८ बजेदेखि सुरु हुनेछ।

चैत २९ गतेसम्म सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)मा बागमती प्रदेशबाट यस वर्ष एक लाखभन्दा बढी परीक्षार्थीले एकैसाथ परीक्षा दिँदैछन्। एसईईमा एक लाख एक हजार ७ सय ३३ जना परीक्षार्थीले परीक्षा दिँदैछन्।

प्रदेशका १३ जिल्लामध्ये काठमाडौंबाट सबैभन्दा बढी र रसुवाबाट सबैभन्दा कम परीक्षार्थीले परीक्षा दिँदैछन्। काठमाडौंबाट ३६ हजार ५ सय ७७ जना र रसुवाबाट ६ सय २८ जना परीक्षार्थीले परीक्षा दिँदैछन्। बागमती प्रदेशको भक्तपुरबाट ५ हजार ८ सय जना र ललितपुरबाट ९ हजार ८ सय ९९ जना परीक्षार्थीले परीक्षा दिँदैछन्।

काभ्रेपलाञ्चोकबाट ६ हजार ४ सय ३६ र सिन्धुपाल्चोकबाट ३ हजार ९ सय ८५ जना परीक्षार्थीले परीक्षा दिँदैछन्। यस्तै, नुवाकोटबाट ४ हजार ३ सय जना, रसुवाबाट ६ सय २८ जना, धादिङबाट ५ हजार ३ सय ८६ जना, चितवनबाट १० हजार ८ सय ५६ जना परीक्षार्थीले परीक्षा दिँदैछन्। रामेछापबाट ३ हजार २ सय २५ जना, दोलखाबाट ३ हजार ६२ जना, सिन्धुलीबाट ५ हजार २ सय ४१ जना परीक्षार्थीले परीक्षा दिँदैछन्।

मकवानपुरबाट ६ हजार ३ सय ३३ जना परीक्षार्थीले परीक्षा दिँदैछन्। जसमा हेटौंडा–५ स्थित बालज्योति माध्यमिक विद्यालयमा अध्ययनरत् २ जना दृष्टिविहीन परीक्षार्थीले एसईई परीक्षा दिँदैछन्। धनबहादुर दोङ र कृष्णप्रसाद तिमिल्सनाले एसईई परीक्षा दिने बालज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक भरत अर्यालले जानकारी दिनुभयो। यस वर्षदेखि गणित विषयको प्रश्न दृष्टिविहीन विद्यार्थीको लागि फरक आउने, समय थप गर्नुपर्नेजस्ता झन्झट हुने भएकाले होमसेन्टरबाट परीक्षा दिने उहाँले बताउनुभयो। प्रधानाध्यापक अर्यालका अनुसार अघिल्ला वर्षहरुमा अन्य परीक्षार्थीसरह परीक्षा केन्द्रबाट नै परीक्षा दिनुपर्ने प्रावधान थियो।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमले मकवानपुरका कारागारहरुबाट एसईई परीक्षा दिने कोही नरहेको जानकारी दिनुभयो। अपाङ्गता भएका विद्यार्थीको हकमा बालज्योति माध्यमिक विद्यालयबाट मात्र २ जना दृष्टिविहीन छात्रमात्र एसईई परीक्षामा सहभागी हुने उहाँले बताउनुभयो।

काठमाडौंका एक सय २३, भक्तपुरका २३, ललितपुरका ३५ वटा परीक्षा केन्द्रबाट परीक्षार्थीले परीक्षा दिँदैछन्। यस्तै, काभ्रेपलाञ्चोकका ४०, सिन्धुपाल्चोकका २४, नुवाकोटका २४, रसुवाका ५, धादिङका २८, मकवानपुरका २५, चितवनका ४२, रामेछापका २२, दोलखाका १९ र सिन्धुलीका २६ वटा परीक्षा केन्द्रबाट परीक्षार्थीले परीक्षा दिँदैछन्। बागमती प्रदेशको ४ सय ३४ वटा परीक्षा केन्द्रबाट परीक्षार्थीहरुले एकैसाथ परीक्षा दिँदैछन्। केन्द्राध्यक्ष ४ सय ३४ जना, सहायक केन्द्राध्यक्ष ७ सय ३७ जना, निरीक्षक ५ हजार ८६ जना, परीक्षा सहायक १ हजार ६४ जना, कार्यालय सहयोगी २ हजार ५५ जना र सुरक्षाकर्मी ६ हजार ५ सय १० जना गरी १५ हजार ८ सय ८६ जना जनशक्ति एसईई परीक्षामा खटिँदैछन्।

परीक्षाका लागि प्रदेशभित्रका सबै जिल्लाका परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका पुऱ्याइसकिएको जनाइएको छ। यस्तै, परीक्षा केन्द्र नजिक रहेको प्रहरी चौकीमा प्रश्नपत्र पुगिसकेको, केन्द्राध्यक्ष नियुक्ति गरी अभिमुखीकरण कार्यसमेत गरी परीक्षासम्बन्धी पूर्वतयारीको सम्पूर्ण कार्य सम्पन्न गरिसकिएको जनाइएको छ। बिहान ११ बजेसम्म सञ्चालन हुने एसईई परीक्षालाई मर्यादित, भयरहित, निर्धक्करुपमा परीक्षा दिने वातावरण निर्माण गर्न अभिभावक, विद्यालयलाई आग्रह गरिएको छ। स्वास्थ्यमा सुरक्षा व्यवस्थापनका लागि नर्सलाई समेत व्यवस्थापन गर्न आग्रह गरिएको छ।

# उद्दार गरिएका बालकहरु परिवारमा पुनर्स्थापित



परिवारका सदस्यसहित पारिवारिक पुनर्मिलन हुँदै गरेका बालकहरु ।

समाज संवाददाता

हेटौंडाः बेचबिखनको जोखिममा रहेका बालकहरुलाई उद्दारपछि सामुदायिक विकास तथा सचेतना नेपालले परिवारमा पुनर्मिलन गराएको छ। जागृति बाल तथा युवा सरोकार नेपालको सहयोगमा बेचबिखनको उच्च जोखिममा रहेका ८ नेपाली बालकको उद्दार गरेर परिवारमा पुनर्मिलन गरिएको हो। १५ बर्षदेखि बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामुदायिक विकास तथा सचेतना नेपालले भारतीय सामाजिक संस्था र भारतीय प्रहरीको समन्वयमा भारतमा रहेका बालकहरुको उद्दार गरेको हो।

उद्दार गरी ल्याइएका बालकहरुलाई राष्ट्रिय बाल अधिकार परिषद्, मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय रौतहट लगायत सरोकारवाला निकायको समन्वयमा बिहीबार ६ जनालाई परिवारमा पुनर्मिलन र २ जनालाई मानवसेवा आश्रममार्फत् पारिवारिक पुनर्मिलन गरिएको सामुदायिक विकास तथा सचेतना नेपालका सचिव अनन्त बानियाँले जानकारी दिनुभएको छ।

पछिल्लो समय नेपालबाट विभिन्न बहानामा बालबालिकाहरु भारत लगायत अन्य मुलुकहरुमा लैजाने क्रम बढेको साथै बालिका तथा महिलामात्रै बेचबिखनमा पर्ने नभईकन बालकहरु पनि उच्च जोखिममा रहेको बानियाँको भनाइ छ। स्वदेश फिर्ता गरी पुनर्मिलन गरिएका ८ जना बालक रौतहट, सर्लाही र बाँके जिल्लाका छन्। उद्दार गरी ल्याइएका बालकहरु ११ देखि १६ बर्ष उमेर समूहका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटको रोहवरमा भएको पारिवारिक पुनर्मिलन कार्यक्रममा सामुदायिक विकास तथा सचेतना नेपालका कार्यकारी निर्देशक दिलिप कोइरालाले स्थानीय तहले आफ्नो पालिका भित्रको बालबालिकाको लेखाजोखा राख्ने र बालबालिकाहरु विभिन्न प्रलोभनमा भारत र नेपालको अन्य जिल्लामा जानबाट रोक्न पहल गर्नुपर्ने बताउनुभयो।

जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिकासम्बन्धी ऐन २०७५ तथा नियमावली २०७९ को प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो। सामुदायिक विकास तथा सचेतना नेपालका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले पारिवारिक पुनर्मिलन कार्यक्रममा सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गर्नुहुँदै स्थानीय पालिकाहरुसँग समन्वय गरी उद्दार गरेका बालकहरुको निरन्तर अनुगमन गरी संस्थाले निरन्तर सहयोग गरिरहने बताउनुभयो।

पारिवारिक पुनर्मिलन कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख वीर बहादुर बुढा, प्रदेश बालबालिका खोज समन्वय केन्द्र जनकपुरका प्रहरी सहायक निरीक्षक वीरेन्द्र कुमार मण्डल, जागृति बाल तथा युवा सरोकार नेपालका प्रतिनिधि अरविन खड्का, बालबालिका खोज तलास मधेश प्रदेश प्रतिनिधि वीरेन्द्र मण्डलको उपस्थिति रहेको सचिव बानियाँले जानकारी दिनुभएको छ।

## लागूऔषधसहित हेटौंडाका स्याङ्तान पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१३, स्थित ठाडोटोलमा लागुऔषधसहित एकजनालाई प्रहरीले पक्राउ परेको छ। पक्राउ पर्नेमा ठाडोटोलका २१ बर्षीय बिनोद स्याङ्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। विशेष सूचनाको आधारमा बुधबार दिउँसो २ बजेको समयमा प्रहरीले स्याङ्तानको घरमा खानतलासी गर्दा लागूऔषध नाईट्रोभेट ३१ पिस ट्याब्लेट, ट्रामाडोल ९० पिस ट्याब्लेट र डाईजेपाम १ एम्पुल बरामद भएको प्रहरीले जानकारी दिएको छ। लागुऔषधसहित स्याङ्तानलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## सम्पादकीय

# एसईई परीक्षार्थीलाई शुभकामना

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आज शुक्रबारबाट सुरु हुँदैछ । विगतमा कक्षा १० सम्मलाई विद्यालय शिक्षा मानिँदा कक्षा १० को अन्त्यमा लिइने परीक्षालाई एसएलसी भनिन्थ्यो । अहिले कक्षा १२ सम्मलाई विद्यालय शिक्षामा समावेश गरेपछि कक्षा १० को अन्त्यमा लिइने परीक्षा एसईई भएको छ । अब कक्षा १२ को अन्त्यमा लिइने परीक्षा एसएलसी भएको छ । वर्तमान शिक्षा ऐनले कक्षा १२ को अन्त्यमा राष्ट्रियस्तरमा एसएलसी परीक्षा हुने र कक्षा १० को अन्त्यमा क्षेत्रीय वा प्रादेशिकस्तरमा परीक्षा हुने व्यवस्था गरेको भए पनि कक्षा १० को अन्त्यमा हुने एसईई परीक्षा राष्ट्रियस्तरमै सञ्चालन भइरहेको छ । कक्षा १० को परीक्षालाई एसएलसीको सट्टा एसईई नाम दिएर देशव्यापी एउटै प्रश्नपत्रबाट एकै समयमा सञ्चालन गरिँदै आएको छ । आम विद्यार्थीलाई एसएलसी वा एसईई अनि प्रादेशिक वा राष्ट्रियस्तर जेसुकै भए पनि खासै अन्तर रहँदैन । हाम्रो परीक्षा प्रणाली र विषयगत ग्रिड निश्चित भइसकेको अवस्थामा परीक्षाको नाम र स्तरले विद्यार्थीलाई खासै प्रभाव पर्दैन ।

आज शुक्रबारदेखि सुरु हुने एसईईमा ४ लाख ८५ हजार ३०६ विद्यार्थी सहभागी हुँदैछन् । २ लाख ४२ हजार ७१२ छात्रा र २ लाख ४२ हजार ६७४ छात्र परीक्षामा सहभागी हुनेछन् । परीक्षार्थीमध्ये प्राविधिक धारतर्फ १५ हजार ४६१ जना छन् । बागमती प्रदेशबाट एक लाख एक हजार ७ सय ३३ जना परीक्षार्थी एसईईमा सहभागी हुने भएका छन् । प्रदेशका १३ जिल्लामध्ये काठमाडौंबाट सबैभन्दा बढी ३६ हजार ५ सय ७७ जना र रसुवाबाट सबैभन्दा कम ६ सय २८ जना विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । भक्तपुरबाट ५ हजार ८ सय, ललितपुरबाट ९ हजार ८ सय ९९, काभ्रेपलाञ्चोकबाट ६ हजार ४ सय ३६ र सिन्धुपाल्चोकबाट ३ हजार ९ सय ८५ जना परीक्षार्थी एसईईमा सहभागी हुँदैछन् । नुवाकोटबाट ४ हजार ३ सय, धादिङबाट ५ हजार ३ सय ८६, मकवानपुरबाट ६ हजार ३ सय ३३, चितवनबाट १० हजार ८ सय ५६, रामेछापबाट ३ हजार २ सय २५, दोलखाबाट ३ हजार ६२ र सिन्धुलीबाट ५ हजार २ सय ४१ जना परीक्षार्थी एसईई परीक्षामा सहभागी हुँदैछन् ।

बिहान ८ बजेदेखि सुरु हुने परीक्षाका लागि देशभर २ हजार ३७ परीक्षा केन्द्र तोकिएको छ । बागमती प्रदेशभर ४३४ परीक्षा केन्द्र तोकिएको छ भने मकवानपुर जिल्लामा २५ परीक्षा केन्द्र रहेका छन् । प्रदेशको काठमाडौंमा १२३, भक्तपुरमा २३, ललितपुरमा ३५, काभ्रेमा ४०, सिन्धुपाल्चोकमा २४, नुवाकोटमा २४, रसुवामा ५, धादिङमा २८, चितवनमा ४२, रामेछापमा २२, दोलखामा १९ र सिन्धुलीमा २६ वटा परीक्षा केन्द्र तोकिएको छ । परीक्षालाई व्यवस्थित र मर्यादितरुपमा सञ्चालन गर्न पर्याप्त जनशक्ति खटाइएको छ । परीक्षामा देशभर केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मीसमेत ७७ हजार ९९२ जना जनशक्ति प्रत्यक्षरुपमा परीक्षा केन्द्रहरुमा खटिनेछन् । बागमती प्रदेशमा ४ सय ३४ जना केन्द्राध्यक्ष खटाइएको छ । यस्तै, सहायक केन्द्रध्यक्ष ७ सय ३७ जना, निरीक्षक ५ हजार ८६ जना, परीक्षा सहायक १ हजार ६४ जना, कार्यालय सहयोगी २ हजार ५५ जना र सुरक्षाकर्मी ६ हजार ५ सय १० जना एसईई परीक्षामा खटिने भएका छन् ।

प्रत्येक शैक्षिक वर्षको अन्त्यमा लिइने सबै परीक्षा विद्यार्थीका लागि उत्तिकै महत्वपूर्ण हुन्छ । शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षाको नतिजाले विद्यार्थीलाई माथिल्लो कक्षामा जाने आधार तयार गर्दछ । अहिलेको एसईई परीक्षा पनि त्यस्तै हो । कक्षा १० बाट ११ मा जान विद्यार्थीको मूल्याङ्कन गर्ने एउटा सामान्य परीक्षाको रुपमा एसईईलाई लिनुपर्ने भए पनि यसलाई एसएलसीसरह महत्व दिइने गरिएको छ । कक्षा १२ मा राष्ट्रियस्तरको एसएलसी परीक्षा लिने भएपछि कक्षा १० को परीक्षालाई सामान्य बनाउनुपर्छ । एसईईलाई बढी महत्व दिँदा यसको त्रासले विद्यार्थीमा दवाव र प्रभाव बढी पर्दा परीक्षा बिग्रन सक्छ । परीक्षालाई सामान्य मानेर नडराई परीक्षा दिनु आवश्यक छ । इसईई परीक्षामा सम्मिलित सबै परीक्षार्थीलाई सफलताको शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक समयमा लागी परिने योग छ ।
**वृष** : अध्ययन– अध्यापनका कामबाट लाभ प्राप्त ।
**मिथुन** : धार्मिक सामाजिक कामबाट लाभ प्राप्त योग ।
**कर्कट** : धार्मिक तथा व्यापार–व्यवसायबाट लाभ प्राप्त ।
**सिंह** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**कन्या** : यात्रा र यानबाहनसँग सजगता अपनाउँदा राम्रो ।
**तुला** : पढाइ–लेखाइ मध्यमकारक समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
**धनु** : प्रतिस्पर्धामा विजय प्राप्त हुने समय देखिन्छ ।
**मकर** : राम–रमाइलोमा समय व्यतित हुने योग छ ।
**कुम्भ** : स्वास्थ्य समस्यामा क्रमशः सुधार रहने छ ।
**मीन** : अध्ययन–अध्यापन मध्यमकारक मान्नुपर्दछ ।

# पुरुष पनि हिंसामा पर्छन् र ?

*म यति पीडा बोकेर बाँचेको छु तर मेरो श्रीमतीको कुरा सुन्नेहरू के भन्छन् थाहा छ ? बिचरा यो महिलालाई कति दुःख छ ! रातदिन पसलमा काम गर्छे, लोग्नेको केही भर छैन, कस्तो जागिर खान्छ यो ? एउटा छोरो, एउटी श्रीमतीलाई पनि खुसीसाथ राख्न नसक्ने ? यही त भन्छ नि होइन ? पुरुष त पीडित बन्नै सक्दैनन्' होइन ?*



**यमुना अर्याल काफले**

'तिमीहरू (महिला) लाई जस्तो सजिलो हामीलाई कहाँ छ र ?' 'अरू कुरा त परको भइहाल्यो यहाँ धोको फेरेर रुन मन लाग्दा त केटी मान्छे नै हुनुपर्छ, लोग्नेमान्छे भएर पनि के आइमाई जस्तो ग्वाँ-ग्वाँ रोएको ? भन्छन् । पीडा पनि महिलालाई मात्रै हुन्छ र ?'

'मन महिलाको मात्रै रुन्छ र ?' 'के सबै पुरुषहरू पत्थरको आत्मा भएका मात्रै हुन् ?'

'मुटु गाँठो परेर भक्कानो छाडौं-छाडौं लाग्दा पनि– ए म त लोग्नेमान्छे पो हुँ त ' कहाँ आँशु बाहिर निकाल्न हुन्छ', हैट् म त कठोर पो बन्नुपर्छ भन्ने कुरा दिमागमा आइहाल्छ । यो कस्तो संस्कार हो ? कस्तो पुरुष हुँ म भन्ने पनि लाग्छ ।'

माथिका भावना अभिव्यक्त गर्ने पात्र एक कर्मचारी हुन्, अहिले पनि जागिरमै छन् । जागिर छ, काठमाडौंमा घर छ, एउटा छोरो क्याम्पस पढ्दै छ । श्रीमतीको आफ्नै व्यवसाय छ, एक किसिमले सबै कुरा राम्रो छ । तर पनि निराशा मिश्रित भाव किन बेला-बेलामा प्रकट गरिरहन्छन् ?

मेरो मिल्ने साथी उनको छिमेकी हुन्, जोसँग मेरो कुरा भयो । 'मेरो छोरो क्याम्पस पढ्छ, श्रीमतीको व्यवसाय छ, घरभाडा पनि आउँछ भन्थे त पहिले-पहिले अहिले किन सधैं यस्ता नकारात्मक कुरा मात्रै गर्छन् ? कुनै दिन उज्यालो अनुहारमा देखिंदैन ।

सँगैका साथीभाइ हाँस्दा पनि यिनलाई हाँसो उठ्दैन, चेहरामा खुसी कहिल्यै देखिंदैन, सधैं हतारमा, सधैं तनावमा, सधैं केही न केही निराशाका कुराहरू गरिरहेको अवस्थामै भेटिन्छन् । जहाँ देख्यो, सधैं निराशाका मात्रै कुरा गर्ने, जतिबेला पनि तिमीहरू महिला, तिमीहरुका अधिकार, तिमीहरूको समानता, तिमीहरुलाई जस्तै नारा लगाउन सजिलो हामीलाई कहाँ हुन्छ र ?' यस्तै मात्र कुरा गरिरहन्थे । साथीले मेरा कुरा सुनिसकेपछि मात्रै रहस्य खोलिन् ।

यी मेरा छिमेकी मात्रै होइनन्, नातामा अलि परैका भए पनि काकाससुरा पर्नुहुन्छ । घर नबनाउन्जेलसम्म दुई जनाको सम्बन्ध एकदम राम्रो थियो । संचयकोष, नागरिक लगानी कोष, अफिस, नपुगेको रकम बैंकबाट लिएर भए पनि घर बनाए ।

महिलाको नाममा घर पास गर्दा राजस्व कम पर्छ भनेर श्रीमतीको नाममा घर पास गरिदिनुभएछ । श्रीमतीको पसल थियो । कमाइ राम्रै हुन्थ्यो । हाम्रो सामान ल्याउने पसल त्यही हो । जेहोस् त्यो एरियामा राम्रोसँग चल्ने पसल हो ।

छोरो स्नातक तहमा पढ्दै । यी काकाकी आमा बिरामी पर्नुभएछ, तीन महिनासम्म काठमाडौंमा राखेर उपचार गर्नुभएछ । लगभग एक महिना त अस्पतालमै राख्नुपर्‍यो । एक महिनासम्म अस्पतालमा बस्दा १२ लाख जति सकियो भन्नुहुन्थ्यो काकाले । मेरो ऋण निकाल्ने ठाउँ पनि बाँकी छैन, आउनेसम्म सबैतिरबाट निकालिसकियो, आमाको उपचार त जसरी पनि गर्नै पर्‍यो, हामीसँग पनि काकाले कुरा गर्नुभएको थियो ।

सकेसम्म सहयोग हामीले पनि गर्‍यौं । जेहोस्, आमाको ज्यान बच्यो, आमा तीन महिनापछि बेलाबेलामा फलोअपमा आउने गरी गाउँ जानुभयो । त्यसपछि उहाँहरूको सम्बन्धमा फाटो आउन थाल्यो । हामी छिमेकी पनि भयौं, आफन्त पनि । आज यस्तो भयो, उस्तो भयो; हरेक दिन काका गुनासो सुनाउन आउनुहुन्थ्यो ।

'जता पनि ऋण छ, कसरी तिर्छौ ? तिम्रो तलबले छोराको फि तिर्न पुग्दैन, किस्ता कसरी तिर्ने ? आमाको उपचारमा लागेको ऋण कसरी तिर्छौ ?' श्रीमतीले हरेक दिन यस्तै कुरा गर्न थालेपछि एकदिन काकाले 'केही सीप नलागे यही घर बेचेर तिर्छु' भन्नुभएछ । काकी आगो, 'ल यो घर बेचेर देखाऊ त, यो घर बेच्नको लागि तिम्रो नाममा हुनुपर्‍यो नि ' तिम्रो नाममा के छ र बेच्छौ ? तिमी त मेरो नामको घरमा बसेका छौ ' !'

हो, काकीको यही भनाइपछि काकाको दिमाग एकोहोरिएको रहेछ । के भनौं ? कहाँ भनौं ? कसलाई भनौं ? भन्ने हुनेरहेछ अनि जहाँ, जसलाई भेट्यो केही न केही भनिरहनुहुन्छ । साथीको कुराले बल्ल पो सोच्न बाध्य बनायो ।

काकाले पटक-पटक जे कुरा गर्दा पनि महिला र पुरुषको तुलना गरिर हनुहुन्थ्यो । 'महिलाहरूले यस्तो चाहियो भनेर लोग्नेसामु माग गरिदिए पुग्छ तर त्यो लोग्नेमान्छेले कहाँबाट ? कसरी ? के गरेर ? कुन जुक्ति अपनाएर त्यो माग पूरा गरिदिन्छ, त्यसको पर्वाह छैन । तिमीहरूलाई त कति हाइसन्चो छ है ?

ममाथि मेरो लोग्नेले हिंसा गर्‍यो भनिदियो भने पनि ठूलो प्रमाण हुन्छ, तर हामी प्रमाणसहित पुलिस थानामा जाँदा पनि उल्टै खिसीटिउरीको पात्र बनाइन्छ, प्रमाणको त कुनै गुन्जायस हुँदै हुँदैन'. । हिंसामा पनि महिला मात्रै पर्छन् भन्ने कुरा कुन शास्त्रमा लेखेको छ हँ ? त्यो कुरा यहाँको पुलिस प्रशासनले मात्रै थाहा पाउँछ कि कसो ?'

काका सधैं यस्तै गुनासो गरिर हनुहुन्थ्यो । महिलाहरू पुलिसको सामु रोएको भरमा पीडित हुन्छन् । हामी प्रमाणसहित उजुरी दर्ता गर्न जाँदा पनि एउटी श्रीमती मिलाएर राख्न नसक्ने, कस्तो हुतिहारा लोग्ने ?

बुढीले यसो गरी, उसो गरी भनेर पुलिस थानामा जाँदा भोलि घरपरिवारको इज्जत के होला भन्ने हेक्का छ ? आफ्नै आफन्तले चिढ्याउँछन् । पुलिस प्रशासनले समेत वास्ता नगरेको, आफन्त, परिवार जनले समेत बेवास्ता गर्ने गरेको यस्तै अनेकन् उदाहरण पेश गरिरहनुहुन्थ्यो ।

सुरु-सुरुमा त कोही कसैका एकमुष्ट घटनाहरूलाई प्रतिनिधि पात्रको रूपमा सुनाउनुभएको होला भन्ने पनि लाग्थ्यो । जहाँ भेट्दा पनि खाली महिलाहरूका बारेमा मात्रै तिमीहरूका कलम चल्छन् होइन ? कोही कोही लोग्नेमान्छेहरू त कसरी मात्रै बाँचेका छन् होला भन्ने हेक्का राख्न सक्दैनौ है ? भनिरहनुहुन्थ्यो ।

किन यतिविधि नकारात्मक विचार मात्रै राखिरहन्छन् यी महोदय ? जहाँ भेट्दा पनि किन यस्तै कुरा मात्रै निकाल्छन् भन्ने कौतूहल लाग्थ्यो । एक पटक त मलाई 'के हो बैनी ? हामीलाई गाली गरेर लेख्न छाड्यौ त आजकाल' भन्नसम्म पनि भ्याए । सधैं तनावमा जस्तै देखिने, कुरा गर्न सुरु गर्‍यो भने नकारात्मक कुराबाट थालनी गरिहाल्ने गर्थे ।

साथीले धेरै कुरा सुनाएपछि एकदिन सोधें, 'दाइ तपाईं त हामीलाई पो सिकाउनुपर्ने, उमेरले, अनुभवले परिपक्व तपाईं किन यस्ता निराशाका कुरा मात्रै गर्नुहुन्छ ?' दाइ एकछिन बोल्नुभएन । अनि भन्नुभो, 'जब गोजीमा गाँठ हुँदैन नि बैनी, कोही आफ्नो हुँदैन रहेछन् । म एक्लै कति रुन्छु, कति आँशु बगाउँछु तर म मर्द पुरुष हुँ अरूको सामु रुनुहुँदैन ।

मेरो आउने बाटो ठप्प छ, अफिसको तलब पनि लोनको किस्ता काट्दा ५-६ हजार मात्रै हात पर्छ । सबैतिरको लोन निकालेर घर बनायौं, बुढीको नाममा घर पास गरियो अहिले उही बुढीले तेरो के छ ? तँ मेरो नामको घरमा बसेको छस् भन्छे ।

ससुरालीका जो बिरामी भए पनि आए बसे, सकेको उपचार गरियो तर म बालखै हुँदा बा बिते । भएकी एउटी आमाको उपचार गर्दा १२ लाख खर्च भयो । त्यही खर्चको निहुँमा कति भयो के के मात्रै भयो ।'

उहाँ केहीबेर रोकिनुभयो । अनि पुनः दुःखको पोको खोल्न थाल्नुभयो ।'बुढीका बा-आमा बिरामी हुँदा मैले सकेको सेवा गरेको छु, कुनै दिन ज्वाइँ हुँ भन्ने भाव राखिनँ तर मेरी आमा एक महिनासम्म अस्पतालमा बस्दा श्रीमतीको फुर्सद भएन । उसको पसल बन्द गर्न मिलेन ।

आउने बाटो यही पसल हो, यो पनि बन्द गरेर अस्पताल गएँ भने के खाने ? एकजना बसे भइहाल्छ नि भनी श्रीमतीले' पटक-पटक । जीवनमरणको दोसाँधमा उभिएकी आमा बचाउन को-कोसँग हात थापें मैले ? जे जे गरेर भए पनि आमा बचाएँ । दुई महिनासम्म दिदी-बहिनीको घरमा पालैपालो बस्नुभयो । मैले सकेको सेवा गरें । निको भएपछि यहाँ बस्न मान्नुभएन गाउँमै जानुभयो । गाउँमा कान्छो भाइसँग बस्नुहुन्छ ।'

उहाँ भन्दै जानुभयो, 'शहरमा बस्छु, आफ्नै घर छ, जागिर छ, भाउजूको पसल छ । अब गाउँमा खेती किसानी गरेर बसेको भाइलाई आमाको उपचारमा यति खर्च लाग्यो खर्च तँ व्यहोर भन्न पनि सकिनँ, साथीभाइ आफन्तसँग हात फैलाएर उपचार गरें ।

भाग्यले आमा भन्न पाएको छु, बुवाको माया पाइनँ । तिनै आमाको उपचार गर्दा तेरी आमाको उपचारमा यत्रो खर्च गर्ने ? मर्न लागेको बुढाबुढीको लागि यत्रो विधि किन खर्च गर्नुपर्ने ? उतै गाउँमै चेक गराएको भए पनि हुने ' ।' यस्ता कुरा सयौं होइन हजारौं पटक सुन्नुपर्‍यो आफ्नै श्रीमतीबाट ।

छन् त म मेरै घरमा बसेको छु तर पराइ, हुतिहारा, नालायक भएर । मेरो केही छैन, मासिक तलब बाहेक । श्रीमतीको नाममा घर छ, उसकै नाममा पसल छ, मेरो नाममा छ त केवल ऋणको पोको मात्रै ।

चाडबाड आउँछ, यसो आफन्तलाई बोलाउँ न त भन्यो श्रीमतीको डाँको आइहाल्छ, के खान बोलाउने ? कति खर्च लाग्छ ? पाँच-सात हजार तलब बुझेर आफन्तलाई बोलाउँ भन्ने ? जागिर धेरै बाँकी छैन, आउने ठाउँतिर सबै खाली छ । ऋण लिइसकें । कहींबाट केही आउने बाटो नभएपछि सबै पराइ हुनेरहेछन् ।'

डिप्रेसनको औषधि खान्छु, प्रेसर हाई छ, सुगर बोर्डर लाइनमै छ, कुनै दिन मनमा चैन हुँदैन तर पनि यो समाजको लागि त म एक पुरुष हुँ मेरो मनमा कुनै पीडा हुँदैन । म सधैंभरी पीडक मात्रै बन्न जन्मेको हुँ ।

मबाट महिला पीडित हुन्छन् । मेरो घरमा दिदी-बहिनी आउँदैनन्, भान्जाभान्जी आउँदैनन् । तिहारमा समेत उनीहरूकै घरमा बोलाउँछन् । मेरा घरतिरका आफन्त आउँदैनन्, आमा त बाध्य भएर मात्रै आउनुभएको हो ।

ससुराली, श्रीमतीका आफन्तहरू अक्सर टुट्दैनन् । उसका आफन्तको बीचमा मेरो बदनाम हुन्छ, म लाचार हुन्छु । एउटा कर्मचारी हुँ, तर पनि श्रीमती र उसका आफन्तको सामु निरीह प्राणी हुँ ।

अरूसँग तुलना गरेर मेरो खिल्ली उडाइन्छ, म हाँसोको पात्र हुन्छु तर पनि म यो समाजको लागि मर्द पुरुष हुँ, म रुनुहुँदैन, ममाथि भएका पीडाका बारेमा कोही कसैलाई भन्न हुँदैन । श्रीमतीको कुरा गर्‍यो भने म हुतिहारा, जोइटिङ्गे हुन्छु, समाजको लागि त म साहसी लोग्नेमान्छे हुँ ।

हिंसा केवल पुरुषले मात्रै गर्दैनन् बैनी, यो कुरा लेखेर राख । शहरमा म जस्ता हजारौं पात्र छन्, म पीडामा भएपछि यस्ता पीडामा भएका धेरै साथी देखेको छु । आफ्नै श्रीमतीले पराइ ठानेपछि छोराछोरीले त त्यसै पराइ ठान्छन् नि ! बिरामी आमाले समेत मलाई 'चाँडै गाउँमा पठाइदे, तँलाई बुहारीले कराउँछे, कहाँबाट खर्च पुर्‍याउँछस्' भन्नुभयो ।

यो कुराले म पुरुष भएर हाँसौं कि नालायक छोरो भएर ग्वाँ-ग्वाँ रोऊँ ? महिला हिंसा भएको छ मान्छु, तर यसो भनिरहँदा पुरुषमाथि हिंसा भएको छैन भन्न मिल्दैन, पाइँदैन । हिंसा हुनको लागि घाउ नै हुने गरी कुट्नुपर्दैन, वचनका तीरले पटक-पटक रगताम्मे पारेपछि त्यसको खाटा बाँचुन्जेल निको हुँदैन ।

पहिले-पहिले बाबा भनेर मरिहत्ते गर्ने छोरो अहिले आमाको मात्रै कुरा सुन्ने भएको छ । आखिर छोरो त मेरो पनि हो नि, यो पीडा कहाँ भन्ने ? कसलाई भन्ने ? यो समाजले त पुरुषलाई पत्थरको आत्मा दिएको छ जो कहिल्यै रसाउँदैन जसरी । यी भोगाइ पनि लेख्ने गर बैनी, यस्ता उदाहरण हजारौं छन् । घरपरिवार, आफन्त, छिमेकी, साथीसँगी सबैको लोकलाजका कारण कथित इज्जत जोगाउनको लागि मात्रै बाहिर नआएका हुन् ।

'यदि मैले यो सब गरेको हुन्थें भने के हुन्थ्यो ? फलानो कार्यालयको कर्मचारीले श्रीमतीमाथि दुर्व्यवहार गर्‍यो, मानहानि गर्‍यो, कर्मचारी भएर यस्तो हर्कत गर्ने ? महिला अधिकारवादीहरू मेरो घर घेर्न आइपुग्थे तर मैले आफ्नो पीडा आमालाई समेत भन्न सकेको छैन ।

तिमीहरु भनेका त मेरा परिवार भित्रका आफन्त होइनौ, मेरो श्रीमती चिनेका पनि छैनौ, भोलि मेरा भाइ, बुहारी, आमा, दिदीबहिनीलाई ओहो यसको त यस्तो रहेछ भन्देउला भन्ने पीर छैन नि !' त्यही भएर बोझ हल्का होस् भनेर मात्रै भनेको हो । यस्ता विषयमा पनि लेख्ने गर, तिमी लेख्ने मान्छे हौ, आफ्नै बैनी जस्तै ठानेर भनेको हो बैनी अन्यथा नमान ।'

धाराप्रवाह दाइका कुरा सुनेपछि उहाँको छोरी उमेरकी मान्छे मैले के भनेर सान्त्वना दिऊँ भन्ने लाग्यो । हरेक कुराको एउटा चरण हुन्छ, त्यो पार भएपछि सबै कुरा सामान्य हुन्छ । तपाईंको जिन्दगीमा पनि नयाँ पालुवाले अवसर कसो नपाउला ? पाँच वर्ष जागिर बाँकी छ, छोरो कमाउने हुन्छ, भाउजूको व्यवसाय राम्रै रहेछ, ऋण तिरिन्छ सबै ठिक भइहाल्छ नि !'

नराम्रो काममा लगानी गर्नुभएको छैन, यदि भाउजूको नाममा घर नभएर तपाईंको नाममा घर भएको भए भाउजूले पनि यही भन्नुहुन्थ्यो त ? तपाईंहरूको सामूहिक पहलमा पो घर बनेको हो नि होइन र ? तपाईंले अवकाशपछि पाउने र कम पहिल्यै ननिकालेको भए यति सजिलै घर बन्दैनथ्यो, सबै कुरालाई नकारात्मक रूपमा लिन हुँदैन ।' सबै कुरा एकदिन अवश्य ठिक हुन्छ ।

एकछिन केही बोल्नुभएन दाइ । फेरि जवाफ फर्काउनुभयो । दार्शनिकले जस्तो गफ नगर बैनी, हाम्रो समाजको वास्तविकता के हो भने, महिला रोएको भरमा गल्ती गरे पनि निर्दोष हुन्छन् तर पुरुष रुन नसकेको भरमा दोषी करार हुन्छन् ।

म यति पीडा बोकेर बाँचेको छु तर मेरो श्रीमतीको कुरा सुन्नेहरू के भन्छन् थाहा छ ? बिचरा यो महिलालाई कति दुःख छ ! रातदिन पसलमा काम गर्छे, लोग्नेको केही भर छैन, कस्तो जागिर खान्छ यो ? एउटा छोरो, एउटी श्रीमतीलाई पनि खुसीसाथ राख्न नसक्ने ? यही त भन्छ नि होइन ? पुरुष त पीडित बन्नै सक्दैनन्' होइन ?

मलाई केही जवाफ आएन, मनमनै दाइको सम्बन्ध सुमधुर होस्, पीडामुक्त, उज्यालो चेहरामा हाँसेको देख्न पाइयोस् । यति मात्रै कामना गरें ।

*(स्रोतः अनलाईनखबर)*

# पत्रकार महासंघको स्थापना दिवसमा प्रभातफेरी




समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघको ६८ औं स्थापना दिवसको अवसरमा हेटौंडामा प्रभातफेरीको आयोजना गरिएको छ । बिहीबार बिहान हेटौंडामा प्रभातफेरीको आयोजना गरी सीमाचोकमा कोणसभामा परिणत भएको थियो ।

प्रभातफेरीमा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्लाका पूर्वअध्यक्ष प्रताप विष्ट, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्षहरु राममणि दाहाल, भानुभक्त आचार्य, निवर्तमान अध्यक्ष हरिप्रसाद हुमागाई लगायतको उपस्थिति रहेको थियो । सीमाचोकबाट सुरु भएको प्रभातफेरी बुद्धचोक पुगेर पुनः सीमाचोकमा फर्किएर कोणसभालाई नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका कार्यवाहक अध्यक्ष ध्रुब अधिकारीले सम्बोधन गरेर समापन गरिएको थियो ।

# मकवानपुरगढीमा सिलाई-कटाई तालिम सुरु



*सिलाई गरेर तालिमको उद्घाटन गर्नुहुँदै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा सिलाई-कटाई सुरु भएको छ । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत ३ महिने सिलाई-कटाई तालिम बुधबारबाट सुरु भएको हो । मकवानपुरगढी गाउँपालिका-१, आँपटारमा आयोजना गरिएको तालिममा २२ जना महिलाको सहभागिता रहेको छ ।

मकवानपुरगढी गाउँपालिका-१ का वडाध्यक्ष आईत सिं लोको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन कार्यक्रम भएको हो । गाउँपालिकाका अध्यक्ष स्याङ्तानले सिलाई सामग्रीहरु प्रशिक्षकलाई हस्तान्तरण गर्नुहुँदै सिलाई मेशिन चलाएर तालिमको उद्घाटन गर्नुभयो । उद्यम सहजकर्ता सीता बुढाथोकी र प्रतिमा डाँगीले तालिममा सहजीकरण गर्नुहुनेछ ।

# अपाङ्ता भएकाको न्यायमा पहुँचसम्बन्धी पुस्तक सार्वजनिक

समाज संवाददाता

**हेटौंडाः राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी विषयमा तयार पारेको पुस्तक सार्वजनिक गरेको छ । बिहीबार हेटौंडामा राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको अध्ययन पुस्तक सार्वजनिक गरेको हो ।**

**आयोगले राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र सीबीएम नेपालको सहकार्यमा अध्ययन प्रतिवेदन तयार पारेको जनाएको छ । अपाङ्ता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चारसम्बन्धी र न्यायमा पहुँचसम्बन्धी अवधारणा पुस्तकमा समेटिएको छ । पुस्तक सार्वजनिक भएपश्चात् हाम्रो समाजको सोच खराब रहेकाले सोचलाई परिवर्तन गरेर अगाडि बढ्नुपर्ने जिल्ला न्यायाधीस ऋषिराम निरौलाले बताउनु भयो । अपाङ्गता भएका व्यक्तिलाई न्यायमा पुहुँच पुऱ्याउन सबै क्षेत्र लाग्नुपर्नेमा उहाँले धारणा राख्नुभयो ।**

**कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले अपाङ्गताको विषयमा कानुन भएता पनि समाजमा कार्यान्वयनमा नदेखिएको बताउँदै, अपाङ्गता भएको व्यक्तिको अधिकारलाई सकारात्मकरुपले सोचेर कार्यान्वयन गर्नतर्फ लाग्नुपर्ने बताउनु भयो । कार्यक्रममा आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीको सभाध्यक्षता तथा जिल्ला न्यायाधीश ऋषिराम निरौलाको प्रमुख आतिथ्य रहेको थियो ।**

# मकैको बीउ उत्पादन तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा मकैको बीउ उत्पादनसम्बन्धी तालिम सम्पन्न भएको छ । बुधबार मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मकैको बीउ उत्पादन प्रविधि विषयक ३ दिने तालिम भएको हो ।

मकवानपुरगढी गाउँपालिका-२, ५ र ७ नम्बर वडाको ३० हेक्टर क्षेत्रफलमा बीउ उत्पादन कार्य भइरहेको कृषि प्राविधिक चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो । विभिन्न समूह तथा सहकारीमार्फत रामपुर कम्पोजिट जातको मकैको बीउ लगाउने कार्य भइरहेको उहाँले बताउनुभयो । बीउ उत्पादनमा संलग्न कृषकहरुलाई लक्षित गरी तालिम संचालन गरिएको हो । २५ जना कृषकहरुले तालिम लिएका छन् । सोमबार देखि सुरु भएको तालिममा बीउबिजन प्रयोगशालाका बीउ विकास अधिकृत कुलप्रसाद तिवारी, गाउँपालिकाका कृषि अधिकृत चन्द्रकान्त चौधरी, आविष्कार खतिवडा, कृषि प्राविधिक गोपाल लम्साल र शिखर ईन्स्योरेन्स कम्पनी हेटौंडाका शाखा प्रबन्धक प्रमोद पोखरेलले सहजीकरण गर्नुभएको थियो ।

# लायन्स क्लबमा श्रृजना

समाज संवाददाता

हेटौंडाः लायन्स क्लब अफ हेटौंडा भुटनदेवीको अध्यक्षमा श्रृजना मरासिनी चयन हुनुभएको छ । बुधबार भएको साधारणसभाले अमिता श्रेष्ठलाई सचिवको जिम्मेवारी दिएको छ भने करुणा श्रेष्ठलाई कोषाध्यक्षको जिम्मेवारी दिइएको छ ।

सामाजिक सेवाको भावबाट स्थापित लायन्स क्लबमा नेतृत्वले एक वर्ष काम गर्ने अवसर पाउँछ । हरेक बर्ष नेतृत्व परिवर्तन हुने व्यवस्था छ । लायन्स क्लबले सामाजिक सेवाको क्षेत्रमा विविध क्रियाकलाप गर्ने गरेको छ ।

# एसईईमा सहभागी हुने विद्यार्थीलाई बिदाई

समाज संवाददाता

हेटौंडाः ब्रेन विल्डर्स एजुकेशन होम (होस्टल) ले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी हुने विद्यार्थीलाई बुधबार बिदाई गरिएको छ । होस्टलका संचालक आर्यन झाको सभाध्यक्षता तथा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा बिदाई कार्यक्रम भएको हो ।

एसईईमा सहभागी हुने पाँचौ समूहको रुपमा होस्टलले ४८ जना विद्यार्थीलाई बिदाई गरेको हो । बिदाई हुँदै गरेका विद्यार्थीलाई होस्टलले मायाको चिनो प्रदान गरेको छ । होस्टलमा १ सय ४० जना विद्यार्थी बस्दै आएका छन् । कार्यक्रममा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको विशिष्ट आतिथ्य रहेको थियो । यस बर्षको एसईई आज शुक्रबारदेखि सुरु हुँदैछ ।

**सामुदायिक रेडियो,**
**रेडियो निकास**
**९३.४ मेगाहर्ज**
**सुनौं**
**र सुनाऔं**
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community



# मकवानपुर बालविद्या सदन

**हेटौंडा-१८, खड्कुले**

## "हार्दिक शुभकामना"



*यस विद्यालयको प्रतिनिधित्व गर्दै २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा आजबाट सहभागी सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई उत्कृष्ट प्रस्तुतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*

**सुदिप राज गिरी**
**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**

**कृष्ण बहादुर अधिकारी**
**अध्यक्ष**
**शिक्षक अभिभावक संघ**

**एवम्**

**मकवानपुर बालविद्या सदन मावि परिवार**

**हेटौंडा-१८, खड्कुले**


## सूचीकृत हुनेसम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१२/१७)*

यस विद्यालयका लागि चाहिने स्टेशनरी, खेलकुदका सामग्री, स्मार्ट टिभि, फार्निचर लगायतका सामग्री खरिद गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला आपूर्तिकर्ताहरुले ७ (सात) दिनभित्र विद्यालयमा सम्पर्क राखी सूचीकृत हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रधानाध्यापक**
**लक्ष्मी आधारभूत विद्यालय**
**हेटौंडा-५, चिसापानी**
**सम्पर्कः ९८५५०-७२०२०/९८५५०-८८२१०**

## शिक्षक आवश्यकता

*(पहिलो पटक सूचना प्रकाशित मिति २०७९/१२/१७ गते)*

**प्रस्तुत विषयमा निमाविं विज्ञान विषय शिक्षण अनुदान कोटामा विज्ञापन गर्न बागमती गाउपालिकाको कार्यालय झुरझुरेको च.नं. १६२९ मिति २०७९/१२/१३ गतेको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/१० गतेको बैठकको निर्णयअनुसार इच्छुक नेपाली उम्मेद्‌वारहरुलाई दरखास्तका लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।**

**तपशिल**

१. आवश्यक पद संख्याः १ (एक)
२. विज्ञापन नं. : १/२०७९/८०
३. तहः निमावि (विज्ञान अनुदान)
४. उमेरः १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
५. शैक्षिक योग्यताः ISC वा सो सरह ।
६. तलब भत्ता : नेपाल सरकारको नियमानुसार ।
७. दरखास्त दिने अन्तिम मितिः २०७९ चैत्र २० गते ४:०० बजेसम्म
८. दरखास्त दस्तुरः १,०००/- (एक हजार रुपैयाँ मात्र )
९. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने छ ।
१०. निवेदन दिने स्थानः श्री चौरा आधारभूत विद्यालय

**आवश्यक कागजातपत्रः**

हस्तलिखित निवेदन
शैक्षिक योग्यताको प्रतिलिपी- २ प्रति
नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी- २ प्रति
अध्यापन अनुमतिपत्रको प्रतिलिपि
(**नोट**:- अनुभवीलाई प्राथमिकता दिइने छ ।)

थप जानकारीका लागि प्रअ ९८४९६८२९८२, अध्यक्ष ९८४५५७७१९२ ।

**श्री चौरा आधारभूत विद्यालय**
**बागमती गाउँपालिका-७, पाथिभरा**

## कर्मचारी आवश्यकता

बालबालिकाको क्षेत्रमा डेढ दशकभन्दा अगाडिदेखि मकवानपुर जिल्लामा कार्यरत यस ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्रका लागि देहाय बमोजिमका कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक योग्यता पुगेका व्यक्तिहरुले मिति २०७९ चैत २३ गते बिहीबार कार्यालय समय भित्र व्यक्ति स्वयम् उपस्थित भई वा इमेलबाट आवेदनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. पद**: हाउस प्यारेन्ट (महिला मात्रै, आवासीय) १ (एक) जना
न्युनतम शैक्षिक योग्यताः एस.एल.सी. वा सो सरह उत्तीर्ण
अनुभवः संघ-संस्थामा बालबालिकासँग काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइनेछ । अनुभव नभए तापनि बालबालिकाहरुसँग खेल्न, समय बिताउन, सिक्न, सिकाउन मनपर्ने, उनीहरुलाई सम्मान गर्न, बालअधिकारको क्षेत्रलाई बुझेको व्यक्तिहरुलाई आवेदनका लागि प्रोत्साहन गरिन्छ ।

**मुख्य जिम्मेवारीः**
- बालबालिकाहरुको स्याहार, माया, ख्याल राख्ने,
- विविध जीवन उपयोगी विषयहरुमा बालबालिकाबीच छलफल गर्ने,
- भान्सामा, गाइगोठमा, मौसमअनुसारको खेतीपातीमा सहयोग गर्ने,
- बालबालिकाको व्यक्तिगत फाईल व्यवस्थापन, परिवारसँग सम्पर्क व्यवस्थापन, तथा अन्य दैनिकी व्यवस्थापनमा गृह व्यवस्थापकलाई सहयोग गर्ने,
- बालबालिकाहरुको गृहकार्यमा सहयोग गर्ने,
- गृह व्यवस्थापकले दिएका अन्य जिम्मेवारीहरु पूरा गर्ने ।

तलवः मासिक रु. २१,०००/- तथा अन्य सुविधा संस्थाको नियमानुसार ।
खाना र बस्नको व्यवस्था संस्थाले गर्नेछ ।

**२. पद**: ट्युसन शिक्षक (आंशिक) १ (एक) जना
शैक्षिक योग्यताः स्नातक तह उत्तीर्ण
अनुभवः माध्यामिक तह (कक्षा १२) सम्मका विद्यार्थीहरुलाई गणित, अंग्रेजी, विज्ञान जस्ता विषयहरुमा बालबालिकाहरुलाई शिक्षण गर्न सक्ने ।

**मुख्य जिम्मेवारीः**
- कक्षा १२ सम्मका विद्यार्थीहरुलाई संस्थामा आई मुख्यगरी गणित, अंग्रेजी, विज्ञान विषय दैनिक २ घण्टा शिक्षण गर्ने,
- विद्यार्थीको गृहकार्य सम्पन्न गरेको सुनिश्चित गर्ने, यदि नगरेको भए सहयोग गर्ने, संस्थाको बालसंरक्षण नीति तथा अन्य नीति-नियमहरुको पालना, आचारसंहिताको परिधिभित्र रही कार्य गर्नुपर्नेछ ।

तलबः आपसी समझदारीमा तय गरिनेछ ।
आवेदन दिने अन्तिम मितिः २०७९ चैत २३ गते बिहीबार साँझ ५:०० बजेभित्र ।

**पदपूर्ति समिति**
**ग्रामीण असहाय बालबालिका सामुदायिक पूनर्स्थापना केन्द्र**
**हेटौंडा-११, सरस्वती, मकवानपुर**
Email: ruhelcrc@gmail.com

# "जुनियरलाई मौका दिएकोले हामी कमजोर देखियौं"

मकवानपुर जिल्लाको क्रिकेट टिमले चितवन जिल्लाको क्रिकेट टिमसँग हेटौंडाको हुप्रचौरमा तीन एकदिवसीय मैत्रीपूर्ण क्रिकेट खेल खेल्यो । सोमबार, मंगलबार र बुधबार भएको तीन एकदिवसीय मैत्रीपूर्ण खेलमध्ये चितवनले पहिलो २ खेलमा जित दर्ता गरेपछि मकवानपुरले अन्तिम खेलमा सान्त्वना जीत दर्ता गर्‍यो । मैत्रीपूर्ण खेलमा घरेलु मैदानमै २-१ ले पछि परेको मकवानपुरे टिमका कप्तान सुमन सुनारसँग समृद्ध समाज दैनिकका संवाददाता कमल बिकले गर्नुभएको कुराकानी:



समन सुनार, क्याप्टेन
मकवानपुर जिल्ला क्रिकेट टिम

चितवन जिल्लासँगाको तीन एकदिवसीय मैत्रीपूर्ण क्रिकेट खेल कस्तो रह्यो ?

**सुनार**: यो खेल खासगरी जुनियर खेलाडीका लागि मौका दिनका लागि गरिएको हो । सिनियर खेलाडीहरुलाई आराम गराएर जुनियर खेलाडीलाई मौका दिएको हो । जुनियर खेलाडीहरुले केही अनुभव पाएको महसुस भएको छ ।

यो श्रृंखला खेल्दै गर्दा मकवानपुरको टिमको सवल र कमजोर पक्षहरु केके पाउनुभयो ?

**सुनार**: चितवन टिमसँग हामी निरन्तर खेल्दै आएका छौं । चितवन टिम हामीसँग खेल्न एकदम रुचाउँछ भने हामी पनि चितवनसँग खेल्न रुचाउछौं । हामीबीच राम्रो मित्रता छ । खेलमा सवल र कमजोर सबैको पक्ष हुन्छ । कहिलेकाहीँ हाम्रो टिमले राम्रो खेल्छ भने कहिलेकाहीँ चितवनले राम्रो खेल्छ । जसले राम्रो खेल्छ उसले जित्ने हो । यो श्रृङ्खलाको कुरा गर्ने हो भने हामीले जुनियरहरुलाई मौका दिएको हुनाले खेलमा हामी कमजोर सावित भएको जस्तो लागेको छ ।

नयाँ खेलाडीहरु जिल्लाको टिममा रहेर खेल्ने कति छन् ? उनिहरुले कस्तो खेले ?

**सुनार**: अहिलेको श्रृङ्खलाको कुरा गर्ने हो भने हामीले ९ जना नयाँ खेलाडीलाई खेलाएका थियौं । हामीले यस्तै खेलहरुमा मौका दिँदै गयौं भने उनीहरुले पछिको खेलहरुमा राम्रो खेल्छन् जस्तो लाग्छ । उनीहरुसँग अनुभवको कमिले गर्दा सोचेजस्तो राम्रो खेल्न सकेनन् । जति खेल्यो चित्त बुझ्दो नै थियो ।

तपाईहरुको नियमित क्रिकेटको प्रशिक्षण कस्तो भइरहेको छ ?

**सुनार**: नियमित प्रशिक्षणको अवस्था अहिले नाजुक छ । किनभने हामीसँग अहिले टिम कोच र एकेडेमी केही पनि छैन । सिनियरहरुलाई जति जानेको छ त्यति नै जुनियरहरुलाई सिकाउँदै छन् ।

नयाँ पुस्ताका टिमका तपाईहरुले लागि के-के गर्दै हुनुहुन्छ ?

**सुनार**: नयाँ पुस्ताका लागि विभिन्न योजनाहरु बनाइरहेका छौं । उनिहरुलाई कसरी क्रिकेटमा आकर्षित गर्न सकिन्छ भनी लागीपरेका छौं । छिट्टै एकेडेमीको सुरुवात गर्ने तयारी पनि गर्दैछौं ।

# आधारभूत तहको परीक्षामा सहभागिता उत्साहपूर्ण

समाज संवाददाता

हेटौँडाः गत चैत्र ९ गतेदेखि सुरु भएको आधारभूत तह (कक्षा–८) को परीक्षामा परीक्षार्थीको सहभागिता उत्साहपूर्ण देखिएको छ । हालसम्म ७ वटा विषयको परीक्षा सम्पन्न भइसकेका छन् । ९८ प्रतिशत परीक्षार्थीको परीक्षामा उपस्थिति देखिएको हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखा हेटौंडाका प्रमुख गंगाधर रिमालले जानकारी दिनुभयो ।

यस्तै, २ प्रतिशत विद्यार्थीको परीक्षामा उपस्थिति नदेखिएको उहाँले जानकारी दिनुभयो । अनुगमनका क्रममा हरेका विद्यालयहरुमा मर्यादित र भयरहितरुपमा परीक्षा सञ्चालन भइरहेको पाइएको उहाँले बताउनुभयो । उपमहानगर भित्रका ८१ वटा विद्यालयबाट ४ हजार २ सय जना विद्यार्थीले आधारभूत तहको परीक्षा दिँदैछन् । परीक्षा १९ गते आइतबार सम्म सञ्चालन हुनेछ ।

# ३६ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानभञ्याङमा बुधबार रक्तदान कार्यक्रम भएको छ । रक्तसञ्चार केन्द्र हेटौंडामा रगतको अभाव भइरहेको भन्ने समाचार सार्वजनिक भएपछि नेपाल इकरात कम्पनिले आकस्मिकरुपमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा ३६ जनाले रक्तदान गरेको र त्तसंचार केन्द्र हेटौंडाका प्रविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । रगत अभाव भएका कारण रगत सङ्कलनका लागि रक्तदान कार्यक्रम आयोजना गर्न रक्तसंचार केन्द्रले अपिल समेत गरेको छ ।

# बालश्रम न्यूनीकरणसम्बन्धी गोष्ठी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा बालश्रम न्यूनीकरणसम्बन्धी जिल्लास्तरीय गोष्ठी सम्पन्न भएको छ । बिहीबार सिविन नेपाल मकवानपुरको आयोजना र श्रम तथा रोजगार कार्यालय हेटौंडाको समन्वयमा जिल्लास्तरीय समन्वयात्मक गोष्ठी भएको हो ।

स्थानीयस्तरमा नै बालश्रम शोषण भइरहेको अवस्थामा सिविन नेपालले बालश्रम न्यूनीकरणसम्बन्धी गोष्ठी गरेको हो । गोष्ठीमा बालश्रम ऐन २०५६ तथा बाल श्रम नियमावली २०६२ सम्बन्धी व्यवस्था विषयमा संवाद भएको हो ।

यस्तै, बालबालिकालाई काममा लगाउन निषेध, कस्तो काम लगाउने भन्ने विषयमा छलफल भएको हो । कार्यक्रममा बालबालिकालाई श्रममा लगाउन हुने/नहुने विषयमा संवाद भएको थियो । बालबालिलाई क्रुर, अमानवीय व्यवहार गर्ने वा यातना दिनेलाई एक लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको पनि जानकारी गराइएको थियो । कार्यक्रममा स्थानीय तहमा बालबालिकासम्बन्धी नीति, लागतसहितको कार्ययोजना आउन आवश्यक रहेकोमा जोड दिइएको थियो । पालिकाले बालबालिकासम्बन्धी समग्र वार्षिक प्रतिवेदन तयार गरी बालश्रमको स्थितिलाई समावेश गरी सार्वजानिक गर्नुपर्नेमा जोड दिएका थिए । स्थानीय तहमा बालबालिका सम्बन्धमा कर्मचारीको अभावले पनि कार्य गर्न असहज हुने गरेको स्थानीय तहका प्रतिनिधिहरुले बताएका छन् । बालबालिकाका कानुनसँग सम्बन्धित रहेर स्थानीय तहहरुले कार्य गर्दै जानुपर्नेमा जोड दिइएको थियो । कुनै पनि देशको सरकार ले मात्र चाहेर बालश्रम न्यूनीकरण गर्न नसक्ने र सबै मिलेर बालश्रम न्यूनीकरण गर्न सकिनेमा जोड दिइएको थियो ।

सिविन नेपालका कार्यक्रम प्रबन्धक ध्रुव गौतमको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, स्थानीय तहका प्रतिनिधि, सम्बन्धित संघसंस्थाका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# चुरेहिल अस्पतालको फार्मेसी शिल

समाज संवाददाता

हेटौंडाः हेटौंडाको चुरेहिल अस्पतालको फार्मेसी शिल भएको छ । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गुणराज न्यौपाने नेतृत्वको अनुगमन टोलीले फार्मेसी शिल गरेको हो । बिहीबार चुरेहिल अस्पतालमा भएको अनुगमनमा फार्मेसीले डीडीएमा गरेको दर्ता प्रमाणपत्र पेस गर्न नसकेको र फार्मेसीमा धेरै म्याद गुज्रिएको औषधी भेटिएकाले अनुगमन टोलीले फार्मेसी शिल गरेको छ । फार्मेसी बन्द भए पनि अस्पतालमा भर्ना भएका र ईमर्जेन्सीमा आउने बिरामीका लागि आवश्यक औषधी तथा औषधीजन्य पदार्थ अस्पताल व्यवस्थापनमार्फत् सुरक्षित ठाउँमा राख्न जिल्ला प्रशासन कार्यालयले निर्देशन दिएको छ । प्रचलित कानुनबमोजिमको दर्तालगायत प्रमाणपत्र पेस गरेपछि मात्र फार्मेसी खोलिने अधिकृत न्यौपानेले बताउनुभयो ।

# स्थानीय तहको विकाससँग सम्बन्धित रहेर काम गर्छौं: जिसस प्रमुख घलान

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललितबहादुर घलानले स्थानीय तहहरुको विकास निर्माणसँग सम्बन्धित रहेर कार्य गर्ने गरेको बताउनुभएको छ । बुधबार समृद्ध समाज राष्ट्रिय दैनिकका सम्वाददातासँगको कुराकानीमा जिसस प्रमुख घलानले जिल्लाका स्थानीय तहमा विकासको कार्यलाई प्राथमिकतामा राखेर कार्य गर्दै आइरहेको जानकारी दिनुभयो ।

जिससको कार्यालय नै समन्वय गर्ने स्थान भएकाले समन्वय गर्ने अधिकार रहेको उहाँको भनाई छ । 'संघ, प्रदेश र स्थानीय तहसँग रहेर समन्वय गर्ने कार्य गरेको छ', जिसस प्रमुख घलानले भन्नुभयो– 'जिल्लाका स्थानीय तहमा विकासको अनुपात बढि भएको र कम भएको ठाउँमा जिल्ला समन्वय समितिले मिलाउन पहल गर्ने काम गर्दै आएको छ ।'

जिससले विवादको काममा मिलाउन र समायोजन गरेर विवाद न्यूनीकरण गर्ने भूमिका निर्वाह गर्दै आएको उहाँले जानकारी दिनुभयो । जिल्लालाई कसरी समुन्नत दिशातिर लाने भन्ने पहलकदमी जिससले चाल्ने उहाँको भनाइ छ । 'जिल्ला समन्वय समितिको कार्य भौतिक निर्माणको काम नभई सफ्टवेयरसम्बन्धी काम रहेको छ', उहाँले भन्नुभयो ।

जिल्लाभित्रका विभिन्न तहमा आन्तरिक क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गर्दै आएको बताउँदै जिससले अभिमुखीकरण कार्यक्रमहरु गर्दै आएको जानकारी दिनुभयो । काम गर्न कुनै जटिलता र कठिनाइहरु नभएको भन्दै प्रदेश सरकारको बजेटले कार्य सम्पादनमा सहज भएको उहाँले बताउनुभयो । जिससले सामूहिकरुपमा संघसंस्थाहरुसँगको सहकार्यमा काम गर्दै आएको उहाँले बताउनुभयो ।

जिल्लाको विकासका लागि जिससको भूमिका ठूलो रहेको उहाँको भनाइ छ । स्थानीय तहहरुसँग कार्यालयमा नियमित समन्वयको बैठक हुने गरेको जानकारी गराउँदै अनुगमनको पाटो नियमित रहेको बताउनुभयो । समस्याको तत्काल निराकरणमा लाग्ने गरेको र ठूला खालको अप्ठ्यारो र गाह्रो खालका विषय नआएको उहाँले बताउनुभयो । प्रदेशको निर्देशन, संविधान र ऐनको आधारमा काम गर्दै आएको उहाँको भनाई छ । मकवानपुर जिल्लामा प्रदेशको राजधानी भएका कारण कार्य गर्न अनुकूलता र सहजता भएको उहाँले जानकारी दिनुभयो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

# जितपुर-सिमरा गोल्डकप
# पहिलो सहभागितामै चर्च ब्वाईज फाइनलमा

समाज संवाददाता

सिमराः चालु सिजनको 'ए' डिभीजन लिगमा अपराजित चर्च ब्वाइज यूनाईटेड जगदम्बा १३ औं जीतपुर-सिमरा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । बिहीबार सिमरा रङ्गशालामा साविक विजेता न्युरोड टिम एनआरटीलाई २-० ले पाखा लगाउँदै चर्च ब्वाईज पहिलो सहभागितामै उपाधि दौडमा आफूलाई उभ्याउन सफल बन्यो ।

उपाधि रक्षाको मनोबलका साथ सिमरा आएको साविक विजेता न्युरोड टिम एनआरटीविरुद्ध चर्च ब्वाईजका अफ्रिकी मिडफिल्डर ओउसो बेम्पा र रञ्जित पाण्डेले एक-एक गोल गरे । सिमरा रङ्गशालाको फ्लडलाईटमा एनआरटीलाई दबाबमा राखेको चर्च ब्वाईजका लागि १६ औं मिनेटमा ओउसो बेम्पाले पेनाल्टीमार्फत अग्रता दिलाए । आक्रामक मुभ बनाएका चर्च ब्वाईजका रञ्जित पाण्डेलाई एनआरटी कप्तान विक्रम धिमालले डिबक्स भित्र फाउल गरेपछि फिफा रेफ्री नविन्द्र महर्जनले पेनाल्टी अवसर प्रदान गरे । दुइ खेलाडी बिट गरि सकेको अवस्थामा चर्चका रञ्जित पाण्डेविरुद्ध एनआरटीका विक्रमले फाउल गर्न पुगेका थिए ।

खेलको ५३ औं मिनेटमा गोलरक्षक पुजनहोनाको गल्तीका कारण एनआरटी २-० ले पछि पर्‍यो । डिफेण्डर अजय चौधरीको ब्याकपास नियन्त्रणमा लिएर पनि गोलरक्षक पुजनले समयमै क्लिएर नगर्दा त्यसको फाइदा चर्च ब्वाईजले उठायो । चर्च ब्वाइजका रञ्जित पाण्डेले एनआरटीका गोलरक्षक पुजनको खुट्टाबाट बल खोस्दै सहजै गोलमा परिणत गरिदिए ।

जितसँगै चर्च ब्वाईजले शनिबार हुने उपाधि भिडन्तमा 'ए' डिभिजन क्लब हिमालयन शेर्पासँगको भेट पक्का गरेको छ । शेर्पा मकवानपुर-११ लाई पराजित गर्दै फाइनल प्रवेश गरिसकेको छ ।

स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

